नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

"ग्लोबल आइएमई बैंक डिबेन्चर २०८४/८५" -GBILD84/85 को सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०२/२३ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र ग्लोबल आइएमई बैंक लिमिटेड बीच ५ वर्ष अवधि तथा ११.२५% वार्षिक व्याजदर भएको "ग्लोबल आइएमई बैंक डिबेन्चर" डिबेन्चर/ऋणपत्र - GBILD84/85) को क्रम संख्या नं. १ देखि ५०,००,००० सम्मको अंकित तथा चुक्ता मूल्य रु.१,०००।- कायम भएको कुल ५०,००,००० कित्ता ऋणपत्रको सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सन्राइज क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक कम्पनी) मार्फत् उक्त ऋणपत्र सर्वसाधारणको लागि खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको ५०,००,००० कित्ता ऋणपत्र वितरण भई धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०२/१० गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : मिति २०८०/०२/२३ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनबाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको ११.२५% वार्षिक व्याजदर भएको "ग्लोबल आइएमई बैंक डिबेन्चर २०८४/८५" डिबेन्चर/ऋणपत्र को दोस्रो बजारको कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं महानगरपालिका, वडा नं.२८, कमलादी, काठमाडौं रहेको छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६

मिति : २०८०/०२/२३